सुरक्षित भविष्यका लागि सञ्चय कोष

# सञ्चय कोष

e-newsletter

वर्ष : १, अङ्क : १, २०७० साउन, भदौ, असोज

## मन्तव्य



कृष्णप्रसाद आचार्य
प्रशासक

कर्मचारी सञ्चय कोष ५२औं वर्षमा प्रवेश गर्न लागेको उपलक्ष्यमा कोषका सञ्चयकर्तासँग सरोकार राख्ने तथा कोषको भविष्यसँग जोडिएको कोषको वित्तीय अवस्था, सञ्चयकर्ताको आर्थिक र सामाजिक हितसँग जोडिएका नीति निर्णय लगायत विभिन्न क्रियाकलाप तथा कार्यान्वयनमा ल्याइएका कार्यक्रम र नतिजाका बारेमा आफ्ना सञ्चयकर्ताहरूलाई सुसुचित गराउने हेतुले कोषको e-news letter शुरु गर्न लागेकोमा मलाई गर्व महसुस भएको छ ।

“पारदर्शिता गुणस्तरीय सञ्चयकर्ता सेवाको आधारभूत गुण हो, कोषका क्रियाकलापको सुचना प्राप्त गर्ने सञ्चयकर्ताको प्राकृत अधिकार हो” भन्ने कुरालाई हृदयङ्गम गरेर कोषले विद्युतीय सञ्चार प्रविधिको माध्यमबाट e-news letter उपलब्ध गराएर यथासम्भव सञ्चयकर्ताहरूसँग सम्बन्धित कोषका आवधिक क्रियाकलाप वा नीति नियमका बारेमा जानकारी गराउन आरम्भ गरेको हो ।

सञ्चयकर्तालाई गुणस्तरीय सेवा प्रदान गर्नु, यथासम्भव आर्थिक र सामाजिक सुरक्षा प्रदान गर्नु, कोषद्वारा हाल सञ्चयकर्तालाई प्रदत्त सेवा सुविधालाई दिगो बनाई राख्नु र सामाजिक सुरक्षाको क्षेत्रमा नयाँ नयाँ सम्भावनाको अध्ययन अनुसन्धान गरी आवश्यकतानुसार कोषमा लागु गर्दै जानु, देशको आर्थिक तथा पुर्वाधार विकासमा भूमिका हासिल गर्नु कोषका प्रमुख ध्येयमा पर्ने कार्य हुन् । सञ्चयकर्तालाई e-news letter को माध्यमबाट सुसुचित गर्ने कोषको यस प्रयासबाट सञ्चयकर्ता लाभान्वित हुन जाने र कोषलाई सञ्चयकर्ताको तर्फबाट पृष्ठपोषण मिल्न जाने भएकाले कोषको लक्ष्य प्राप्तिमा अपेक्षित सफलता मिल्ने विश्वास लिएको छु ।

अन्तमा, सञ्चयकर्ता वा सम्बद्ध सरोकारवालाहरूसँग सुचना आदानप्रदान गर्ने कार्यमा e-news letter उपयोगी बन्न सक्ने विश्वास लिएको छु ।

## भित्र पृष्ठमा

- कोषको दुरदृष्टि
- दीर्घकालीन लक्ष
- व्यवस्थापकीय मूल्य मान्यता
- कोषको परिचय
- कोषमा संस्थागत सुशासन
- आर्थिक वर्ष ०६९/०७० का प्रमुख उपलब्धिहरू
- आर्थिक वर्ष ०६९/०७० का प्रमुख उपलब्धिहरू
- कोषबाट सञ्चयकर्तालाई उपलब्ध सेवाहरू

## कोषको दुरदृष्टि (Vision)

राष्ट्रिय सामाजिक सुरक्षण प्रदायकको अग्रणी भुमिकाद्वारा कोषलाई अन्तरराष्ट्रियस्तरको सामाजिक सुरक्षण संस्थाको रूपमा स्थापित गर्ने ।




## दीर्घकालीन लक्ष (Mission)

- प्रभावकारी स्रोत परिचालन, दिगो एवं आकर्षक सुविधा, गुणस्तरीय सेवा तथा सम्भाव्य सामाजिक सुरक्षण कार्यक्रमको विस्तारको माध्यमद्वारा संगठित क्षेत्रका सबै रोजगारसम्म कोषको दायरा विस्तार गरी कोषलाई नेपालको सुप्रतिष्ठित सामाजिक सुरक्षण संस्थाको रूपमा स्थापित गर्ने ।
- नवीन व्यवस्थापन पद्धति, गुणात्मक सञ्जालको विकास र विस्तार, उद्यमशील र प्रतिस्पर्धी कार्यपद्धति, व्यापक सहकार्य र साझेदारीका आधारमा कोषलाई एक सक्षम अन्तरराष्ट्रिय सामाजिक सुरक्षण संस्थाका रूपमा परिचित तुल्याउने ।
- सञ्चय कोष र सामाजिक सुरक्षण सुविधाहरूको सुव्यवस्थापनद्वारा सञ्चयकर्तालाई समाजिक सुरक्षणको प्रत्याभूति दिई कोषलाई सन्तुष्ट सञ्चयकर्ताको ठूलो परिवार (A happy big family of satisfied members) बनाउने ।
- कोषमा उपलब्ध दीर्घकालीन बचतलाई देशको पूर्वाधार विकासको क्षेत्रमा उपयोग गरी आर्थिक विकासमा योगदान गर्ने ।

## व्यवस्थापकीय मूल्य मान्यता

- निष्पक्षता र तटस्थता
  (Fairness and Neutrality)
- जवाफदेहिता र पारदर्शिता
  (Accountability and Transparency)
- सेवाको गुणस्तरमा निरन्तर सुधार
  (Continuous Improvement in Quality of Service)
- कार्यदक्षता र प्रभावकारिता
  (Efficiency and Effectiveness)
- नतिजा उन्मुख
  (Result Orientation)
- सहकार्य र सहभागिता
  (Team Work and Participation)

# कोषको परिचय

## कोषको ऐतिहासिक पृष्ठभूमि

- स्थापना मिति - वि.सं.२०१९ भाद्र ३१ गते ।
- सम्बन्धित कानुन - कर्मचारी सञ्चय कोष ऐन २०१९ ।
- स्थापना पूर्वको अवस्था -
  - सैनिक द्रव्य कोष - वि.सं.१९९१
  - निजामती प्रोभिडेण्ट फण्ड - वि.सं.२००१
  - सञ्चयकोष विभाग - वि.सं.२०१७ ।

## कोषको २०७० असार मसान्त सम्मको वित्तीय अवस्था (लेखा परीक्षण हुन बाँकी) :

| कोषको स्रोत (रु.करोडमा) | | स्रोतको उपयोग (रु.करोडमा) | |
|---|---|---|---|
| सञ्चयकोष | १४०,७०.९९ | बैंकहरुमा रहेको मुद्दती निक्षेप | २७७८.४८ |
| जगेडा कोष | ३५०.६३ | सरकारी ऋणपत्र तथा बचतपत्र | १३७०.४३ |
| अन्य दायित्व | १४६.४४ | परियोजना कर्जा | १५५२.१६ |
| | | शेयर लगानी | २१९.८५ |
| | | सञ्चयकर्ता सापटी | ७९८०.६३ |
| | | भवन तथा आवासमा लगानी | ३५.६४ |
| | | स्थिर सम्पत्ति | ४८.५२ |
| | | अन्य सम्पत्ति | ५८२.३५ |
| **जम्मा** | **१४५६८.०६** | **जम्मा** | **१४५६८.०६** |
| सञ्चयकर्ता संख्या : ४ लाख ८३ हजार | | | |

## आर्थिक वर्ष २०६९/७० को आयव्यय विवरणको सारांश : (लेखा परीक्षण हुन बाँकी) :

| व्यय (रु.करोडमा) | | आय (रु.करोडमा) | |
|---|---|---|---|
| व्याज खर्च | ९४४.९३ | ऋण तथा लगानीमा आम्दानी | ११४२.८६ |
| व्यवस्थापन खर्च | ६१.८३ | विविध आम्दानी | १४.६७ |
| जोखिम व्यवस्था तथा अन्य खर्च (खुद) | ११.५० | | |
| खुद बचत | १३९.२७ | | |
| **जम्मा** | **११५७.५३** | **जम्मा** | **११५७.५३** |

## कोषमा संस्थागत सुशासन

कर्मचारी सञ्चय कोषले संस्था सञ्चालन तथा व्यवस्थापनसँग सम्बन्धित नीति नियमको पर्याप्त व्यवस्था एवम् सोको अनुसरण तथा पालना, पारदर्शिता र जवाफदेहिताको सुनिश्चितता तथा आन्तरिक नियन्त्रण प्रणालीको माध्यमबाट सवल संस्थागत सुशासन कायम गर्दै आएको छ । कर्मचारी सञ्चय कोष ऐन, २०१९ र विभिन्न ऐन, नियम, नीति तथा कार्यविधिहरूको अधीनमा रही कर्मचारी सञ्चय कोषको सञ्चालन तथा व्यवस्थापन भइरहेको छ ।

कर्मचारी सञ्चय कोष ऐन, २०१९ ले कोषको सात सदस्यीय सञ्चालक समितिको व्यवस्था गरेको छ र सोही ऐनले सञ्चालक समितिको काम, कर्तव्य, जिम्मेवारी तथा जवाफदेहिता स्पष्ट गरिदिएको छ । साथै कोषको प्रचलित विभिन्न नियम, कानून तथा सञ्चालक समितिको निर्णय बमोजिम विभिन्न समिति तथा उप समितिहरू समेत गठन भएका छन् ।

त्यसैगरी नेपाल सरकार, अर्थ मन्त्रालय र कोषका प्रशासकबीच भएको कार्यसम्पादन सम्झौताले समेत प्रशासकको व्यावसायिक मूल्य मान्यता तथा जिम्मेवारी सुनिश्चित गरिदिएको छ ।

कर्मचारी सञ्चय कोष आर्थिक प्रशासन नियमावली, २०६८ ले लेखा परीक्षण समितिको व्यवस्था गर्नुको साथै वित्तीय संस्थाहरूमा बढ्दै गएको जोखिमलाई मनन गरेर सञ्चालक समितिका सदस्यको संयोजकत्वमा “जोखिम व्यवस्थापन समिति”को व्यवस्था गरी संस्थागत सुशासनलाई थप मजबुद् बनाउने प्रयास गरेको छ ।

## आर्थिक वर्ष ०६९/०७० का प्रमुख उपलव्धिहरु

**नीतिगत तथा संरचनागत सुधार :-**

- कोषको सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत सञ्चयकर्ता औषधोपचार सहयोग कार्यक्रम कार्यान्वयनमा ल्याईएको छ । यस अन्तर्गत, सञ्चयकर्ता विरामी भई कोषले तोकेको स्वस्थ्य संस्थामा उपचार गराउँदा साधारण उपचारमा रु. १५ हजारसम्म र तोकिएको कडा रोगको उपचारमा रु.३५ हजारसम्म अनुदान प्रदान गरिन्छ ।
- सञ्चयकर्तालाई कार्यालय समय अघि, पछि तथा विदाको दिनमा अत्यावश्यक सेवा प्रदान गर्ने परिपाटीको थालनी गरिएको छ ।
- सञ्चयकर्ता सेवा प्रवाहमा सरलीकरण गर्न सेवा प्रवाह प्रक्रियामा पुनरावलोकन गर्नुका साथै, Electronic Queuing Machine सहितको Central Counter को व्यवस्था गरिएको छ ।
- कोषको स्रोतमा भएको निरन्तर वृद्धि तथा लगानीका क्षेत्रको विविधीकरण सँगै कोषमा बढ्दै गएको जोखिमलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्न संरचनागत सुधार गर्नुका साथै, उच्चस्तरीय जोखिम व्यवस्थापन समिति गठन गरिएको छ ।
- कोषका सम्पत्ति तथा दायित्वको प्रभावकारी व्यवस्थापनका लागि सम्पत्ति तथा दायित्व व्यवस्थापन समिति गठन गरिएको छ ।
- कोषभित्रको ज्ञान व्यवस्थापनलाई प्रभावकारी बनाउन, व्यवस्थापकीय तहमा रहेका कर्मचारीहरूको नेतृत्वकला र निर्णय क्षमतामा विकास गरी उत्तराधिकार योजना (Succession Planning) सुनिश्चित गर्न तथा कर्मचारीहरूबीच समूहगत भावनाको विकास गर्न वरिष्ठ कार्यकारी मञ्चको गठन गरिएको छ ।
- शाखा कार्यालयबाट सञ्चयकोष कट्टीको डाटा इन्ट्रीको कार्य प्रारम्भ गरिएको छ ।
- ललितपुरको लगनखेलमा कोषको भवन निर्माण कार्य सम्पन्न भइसकेकाले भाडामा दिने प्रक्रिया प्रारम्भ गरिएको छ ।
- मुलुकको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबारभित्र सञ्चयकर्ता सेवाकेन्द्रको स्थापना गरिएको छ ।




**स्रोत व्यवस्थापनतर्फ :-**

- राष्ट्रिय गौरवको निर्माणाधीन माथिल्लो तामाकोशी जलविद्युत परियोजनाका लागि आगामी ५ वर्षभित्र कोषले १० अर्ब रूपैंया कर्जा प्रदान गर्ने निर्णय एवम् सो आयोजना सम्पन्न गर्न वित्तीय स्रोतको अभाव नहुने कोषको प्रतिबद्धताअनुरूप यस अवधिमा २ अर्ब ६२ करोड ४६ लाख रूपैंया कर्जा प्रदान गरिएको छ ।
- चिलिमे जलविद्युत कम्पनीद्वारा प्रबर्द्धित विभिन्न चारवटा जलविद्युत आयोजनालाई १६ अर्ब ५० करोड रूपैया कर्जा प्रदान गर्ने सम्झौता भएअनुरूप यस वर्ष ६१ करोड रूपैंया कर्जा प्रवाह गरिएको छ ।
- पर्यटन क्षेत्रको प्रवर्द्धन मार्फत देशको अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने उद्देश्यल नेपाल वायुसेवा निगमलाई हवाईजहाज खरिद गर्ने प्रयोजनका लागि नेपाल सरकारको निर्देशन तथा जमानतमा रु.१० अर्ब कर्जा प्रदान गर्ने सम्झौता गरिएअनुरूप पहिलो चरणमा २ अर्ब १० करोड रूपैंया कर्जा प्रवाह गरिएको छ ।
- नेपाल सरकारको निर्देशन तथा जमानतमा पेट्रोलियम पदार्थको सहज आपूर्तिका लागि नेपाल आयल निगमलाई विभिन्न मितिमा प्रवाह गरेको कर्जा रकम ८ अर्ब रूपैया पुगेको छ ।

## कोषबाट सञ्चयकर्तालाई उपलब्ध सेवाहरुः

(क) **ब्याज : ८ प्रतिशत**

(ख) **मुनाफा : खुद नाफा रकमका आधारमा**

(ग) **सापटी सुविधाहरूः**

- **विशेष सापटी :** कोषकट्टी खातामा जम्मा भएको रकमको ९० प्रतिशतसम्म,
- **घर सापटी :** घर निर्माण गर्न वा घर/अपार्टमेण्ट खरिद गर्न घर जग्गाको धितोमा अधिकतम १० वर्षको शुरु तलब बरावर,
- **शैक्षिक ऋण :** घर जग्गाको धितोमा सञ्चयकर्ता वा निजको श्रीमान/श्रीमती वा छोरा/छोरीको उच्च शिक्षा अध्ययन गर्न स्वदेशका लागि अधिकतम रु. ९ लाख र विदेशका लागि अधिकतम रु. १२ लाख,
- **सञ्चयकर्ता सरल चक्र कर्जा :** घर जग्गाको धितोमा अधिकतम रु.२० लाख चक्र कर्जा ।

(घ) **सामाजिक सुरक्षा सुविधाहरू :**

- **दुर्घटना क्षतिपूर्ति योजना :** सेवाकालमा सञ्चयकर्ताको दुर्घटनामा परी मृत्यु भएमा वा पूर्ण अङ्गभङ्ग भएमा रु.१ लाख ।
- **काजकृया अनुदान योजना :** सेवाकालमा सञ्चयकर्ताको मृत्यु भएमा रु.२५ हजार,
- **औषधी उपचार सहयोग कायक्रम २०७० :** साधारण उपचारमा रु.१५ हजार र कडा रोगको उपचारमा रु.३५ हजारसम्म ।

# कोषद्वारा व्याजदर परिवर्तन

कर्मचारी सञ्चय कोषको सञ्चालक समितिले चालु आर्थिक वर्ष २०७०/०७१ का लागि कोषले लिनेदिने व्याजदरमा परिवर्तन गरेको छ ।

जस अनुससार कोषले अब आफ्ना सञ्चयकर्ताहरूको कोष कट्टी रकममा वार्षिक ८ प्रतिशतका दरले व्याज दिने र कोषबाट ९० प्रतिशत विशेष सापटी लिने सञ्चयकर्तासँग वार्षिक ९.५ प्रतिशतका दरले व्याज लिने भएको छ ।

त्यसैगरी घर सापटी कार्यक्रम-२०५७ अन्तर्गत घर सापटी लिने र शैक्षिक सापटी-२०५८ अन्तर्गत शैक्षिक सापटी लिने व्याजदर सञ्चयकर्तासँग वार्षिक ९.७५ प्रतिशत तोकिएको छ । आर्थिक वर्ष २०६८/६९मा घर सापटी कार्यक्रम-२०५७ र शैक्षिक सापटी-२०५८ शैक्षिक सापटीमा लिने व्याजदर वार्षिक ९.५० प्रतिशत कायम गरिएको थियो ।

वि.सं.२०६९ सालमा लागू भएको सरल चक्र कर्जा शीर्षक अन्तर्गत सापटीमा ११ प्रतिशत व्याजदर कायम भएको छ । घर सापटी कार्यक्रम-२०५७, शैक्षिक सापटी-२०५८ र सरल चक्र कर्जा-२०६८ अन्तर्गत सापटी लिने सञ्चयकर्ताले कोषद्वारा तोकिएको समयमा तोकिएको साँवा व्याजको किस्ता नबुझाएमा थप १ प्रतिशत व्याज लाग्ने निर्णय समेत गरेको छ ।

कोषको सञ्चालक समितिका अध्यक्ष सामान्य प्रशासन मन्त्रालयका सचिव श्री दुर्गानिधि शर्माको अध्यक्षतामा मिति २०७० साउन ६ गते बसेको समितिको बैठकले सो निर्णय गरेको हो ।

# सन्ध्याकालीन काउण्टर सञ्चालनद्वारा सेवा प्रवाह

कोषले कार्यालय समय अगाडि र कार्यालय समय पछाडि समेत सञ्चयकर्तालाई सेवा सुविधा उपलब्ध गराउने उद्देश्यले सन्ध्याकालीन काउण्टर सञ्चालनमा ल्याएको छ ।

कोषको ठमेलस्थित कार्यालयमा मिति २०७० बैशाख २ गतेदेखि सञ्चालनमा आएको सन्ध्याकालीन काउण्टरबाट आइतबारदेखि बिहीबारसम्म बेलुका ५ बजेदेखि ७ बजेसम्म, शुक्रबार दिउँसो १:३० बजेदेखि ४ बजेसम्म र सार्वजनिक विदाको दिन बिहान ९ बजेदेखि मध्यान्ह १२ बजेसम्म सञ्चयकर्ताले सेवा लिन पाउने व्यवस्था भएको छ ।

# कोषद्वारा सञ्चयकर्ता सेवाकेन्द्र सञ्चालन

कर्मचारी सञ्चय कोषले आफ्ना सञ्चयकर्तालाई यथासम्भव स्थानीय स्तरबाटै कोषको सेवा सुविधा उपलब्ध गराउने नीति अन्तर्गत देशका विभिन्न जिल्लामा शाखा कार्यालय स्थापना गरेर सेवा सुविधा उपलब्ध गराउँदै आएको सन्दर्भमा यही भदौ २२ गतेदेखि देशको प्रशासनिक केन्द्र सिंहदरबारमा कोषको सेवाकेन्द्र सञ्चालनमा ल्याएको छ ।




निजामती सेवा दिवसको अवसर पारेर यही भदौ २२ गते कोषले आयोजना गरेको एक समारोहमा कार्यक्रमका मुख्य अतिथि सामान्य प्रशासन मन्त्रालयका सचिव एवम् कोषको सञ्चालक समितिका अध्यक्ष श्री दुर्गानिधि शर्माले “सेवाकेन्द्र” उद्घाटन गर्नु भएको हो ।

यसैगरी कोषले छिट्टै नै पुल्चोकस्थित कार्यालयमा समेत सेवाकेन्द्र सञ्चालन गर्ने तयारी गरिरहेको छ ।

## सन्ध्याकालीन काण्उटर र सेवाकेन्द्रहरूबाट प्रवाह हुने सेवा :

कोषले सञ्चालनमा ल्याएका सञ्चयकर्ता सेवाकेन्द्र र सन्ध्याकालीन काउण्टरबाट सञ्चयकर्तालाई निम्न सेवा प्रदान हुँदै आएको छ :

क. विशेष सापटी (नियमित रूपमा २ वर्ष कोष कट्टी भएका सञ्चयकर्तालाई उपलब्ध हुने र प्रत्येक दुई वर्षको फरकमा पुनः प्राप्त गर्न सक्ने),

ख. सञ्चयकोष रकम भुक्तानी (नोकरीबाट अवकाश पाएपछि एकमुष्ट रकम प्रदान हुने),

ग. सामाजिक सुरक्षण सुविधा (काजकृया अनुदान खर्च र नेपाल सरकारका कर्मचारीहरूको सेवाकालमा मृत्यु भएमा प्रदान हुने विशेष आर्थिक सुविधा),

घ. सञ्चय कोष परिचय पत्र वितरण र समर्थन,

ङ. कोषकट्टी रकम र विशेष सापटीको विवरण प्रदान,

च. सञ्चयकर्ताको समस्या, गुनासो व्यवस्थापन र राय सुझाव सङ्कलन,

छ. सेवाकेन्द्रबाट सम्पादन हुन नसक्ने कार्यलाई ठमेलस्थित सञ्चयकर्ता सेवा तथा सामाजिक सुरक्षा विभाग र अन्य सम्बद्ध विभागमा पठाउने ।

कोषले करिब दुई दशक अघिदेखि धनकुटा, विराटनगर, हेटौंडा, पोखरा, बुटवल, सुर्खेत र धनगढीमा शाखा कार्यालय सञ्चालन गरेर सञ्चयकर्तालाई सेवा सुविधा उपलब्ध गराउँदै आएको छ ।

## सञ्चयकर्ताको खाता विवरण वितरण

कर्मचारी सञ्चय कोषले आर्थिक वर्ष २०६९/०७० मा सञ्चयकर्ताको कोषकट्टी रकम जम्मा गरी सो मा व्याज समेत प्रदान गरेको हिसाब विवरण वितरण गर्न थालेको छ ।

सञ्चयकर्ताले इ-सर्भिस, टेलिकोष वा इ-मेल जस्ता प्रविधिको माध्यमबाट सञ्चय कोषसँग सम्पर्क गरी आफ्नो सञ्चयकोष रकमको विवरण प्राप्त गर्न सक्ने व्यवस्था भएको छ ।



## कोषद्वारा ५२ औं वर्ष प्रवेशको उपलक्ष्यमा विभिन्न कार्यक्रम सम्पन्न

कर्मचारी सञ्चय कोष यही २०७० भदौ ३१ गते ५२ औं वर्ष प्रवेश गर्दैछ । कोष स्थापनाको ५१ औं वर्ष पूरा गरी ५२ वर्षमा प्रवेश गरेको उपलक्षमा कोषमा कार्यरत कर्मचारीहरूले विभिन्न खेलकुद कार्यक्रम गरेर खुशीयाली मनाएका छन् ।

कोषको वार्षिकोत्सवका अवसरमा आयोजित खेलमा प्रथम, द्वितीय र तृतीय हुने सहभागीहरूलाई कोषको वार्षिकोत्सव समारोहमा कोषको सञ्चालक समितिका अध्यक्ष एवम् सामान्य प्रशासन मन्त्रालयका सचिव श्री दुर्गानिधि शर्माले पदक, प्रमाणपत्र वितरण गर्नु भएको थियो ।

वार्षिकोत्सवकै उपलक्ष्यमा कोषले २०६९ सालको एस.एल.सी.परीक्षामा उतिर्ण हुने आफ्ना कर्मचारीहरूका छोराछोरीलाई पुरस्कृत समेत गरेको थियो ।

# वरिष्ठ कार्यकारी मञ्च गठन

"राष्ट्रिय सामाजिक सुरक्षण प्रदायकको अग्रणी भूमिकाद्वारा कोषलाई अन्तर्राष्ट्रियस्तरको सामाजिक सुरक्षण संस्थाको रूपमा स्थापित गर्ने" कोषको दूरदृष्टि तथा कोषका निर्दिष्ट दीर्घकालीन लक्ष्य प्राप्तिका लागि आवश्यक कार्यनीति तर्जुमा र कार्यान्वयन गर्न कोष व्यवस्थापनले उच्च अधिकृतहरूको कार्यकारी मञ्च गठन गरेको छ ।

कोषमा कार्यरत शाखा प्रबन्धक र सोभन्दा माथिल्लो तहमा कार्यरत उच्च अधिकृतहरूबाट गठित सो कार्यकारी मञ्चलाई विभिन्न पाँच विषयमा वर्गीकरण गरिएको छ ।

जसमा "सामाजिक सुरक्षा सेवा प्रवाह तथा व्यवस्थापन समूह", "सामाजिक सुरक्षा कार्यक्रम अनुसन्धान तथा विकास समूह", "वित्तीय स्रोत व्यवस्थापन समूह", "सङ्गठन, व्यवस्थापन तथा नवप्रवर्तन समूह" र "सूचना तथा सञ्चार प्रविधि समूह" रहेका छन् ।

मञ्चको कार्य सञ्चालनलाई व्यवस्थित रूपमा अघि बढाउन २०७० साउन २५ र २६ गते आयोजित छलफल कार्यक्रममा मञ्चका संयोजक तथा सदस्यहरूलाई निर्देशन दिनुहुँदै कोषका प्रशासक श्रीकृष्णप्रसाद आचार्यले ज्ञान व्यवस्थापन (Knowledge Management) को अवधारणा अनुरूप व्यवस्थापन समूहका कर्मचारीहरूको सहभागिताका आधारमा निर्णय क्षमता एवम् नेतृत्वकला विकास गर्दै कोषमा प्रभावकारी उत्तराधिकारी योजना सुनिश्चित गरी व्यवस्थापकीय तहमा दक्ष मानव संसाधन तयार गर्ने तथा कोषलाई निरन्तर सिक्ने सङ्गठन (Learning Organization) गर्ने दृष्टिकोणलाई साकार पार्ने काममा वरिष्ठ कार्यकारी मञ्चको भूमिका महत्वपूर्ण रहने विश्वास व्यक्त गर्नुभयो ।

प्रशासक श्री आचार्यले कोषको सञ्चालन तथा व्यवस्थापनसँग सम्बन्धित समसामयिक सवालहरूमा छलफल गरेर प्रत्येक समूहले वर्षमा कम्तिमा दुईवटा समसामयिक विषयमा अध्ययन तथा समूहमा छलफल गरी नीति निर्माणमा सहयोग पुग्ने गरी ठोस राय सुझाव सहित प्रतिवेदन पेश गर्न निर्देशन पनि दिनुभयो ।

## आर्थिक वर्ष २०६९/०७० को लेखापरीक्षण आरम्भ

कर्मचारी सञ्चय कोषले आर्थिक वर्ष २०६९/०७० को लेखापरीक्षणका लागि नियुक्त लेखापरीक्षक चार्टर्ड एकाउण्टेण्ट कम्पनी देव एसोसिएट्स कं.ले लेखापरीक्षणको कार्य आरम्भ गरेको छ । तोकिएको समयभित्रै लेखा परीक्षण गर्दै आएको कोषको आर्थिक वर्ष २०६९/०७० को लेखा परीक्षण गर्न महालेखा परीक्षकको कार्यालयले देव एसोसिएट्स कं.लाई लेखापरीक्षक नियुक्त गरेको हो ।

## कर्मचारी सञ्चय कोष स्थापनाको ५२ औं वर्ष प्रवेशको अवसरमा कोषको प्रतिबद्धता

- कोषको दीर्घकालीन वित्तीय स्रोतलाई पूर्वाधार विकासको क्षेत्रमा उपयोग गरी राष्ट्रको आर्थिक विकासमा योगदान गर्ने,
- प्रभावकारी स्रोत व्यवस्थापन र मितव्ययी कार्य सञ्चालनको माध्यमबाट सञ्चयकर्तालाई उपयुक्त प्रतिफल प्रदान गर्ने,
- सूचना तथा सञ्चार प्रविधिमा आधारित गुणस्तरीय सेवाको माध्यमबाट सञ्चयकर्तालाई सन्तुष्टि प्रदान गर्ने,
- सामाजिक सुरक्षा कार्यक्रम र दायरा विस्तारको माध्यमबाट सामाजिक सुरक्षाको क्षेत्रमा कोषको पहुँच र योगदानमा विस्तार गर्ने,
- दक्ष एवम् उच्च मनोबलयुक्त कर्मचारीहरूको सहकार्य र सामूहिक प्रयासको माध्यमबाट कोषलाई उत्कृष्ट सामाजिक सुरक्षा संस्थाको रूपमा विकास गर्ने ।

**कर्मचारी सञ्चय कोष**
केन्द्रीय कार्यालय
पुल्चोक, ललितपुर

### सम्पादन समूह

**संयोजक** मनोहरि भट्टराई
**सदस्य** रोचन श्रेष्ठ
**सदस्य** अर्जुनकुमार गौतम
**सदस्य** जीवनकुमार कट्वाल
**सचिव** जीवनाथ खनाल